


# हावा र सूर्य

Kuzhali Manickavel
Emanuele Scanziani

Let's Read
The Asia Foundation


यस पुस्तकको लेखक, चित्रकार र प्रकाशकले यस पुस्तकलाई अन्य भाषाहरूमा अनुवाद गर्न
प्रोत्साहन र समर्थन गर्दछन्, तर पाठ र कलामा परिवर्तनहरूलाई न्यूनतम राखिदिन अनुरोध पनि गर्दछन्।



एक दिन दिउँसो, हावा र सूर्य, को बलियो भन्ने विषयमा वादविवाद गरिरहेका थिए ।



'मैले ठूलो रूख उखलेको छु । लाखौँ पानी जहाज समुद्रमा डुबाएको छु ।' हावाले घमन्डका साथ भन्यो । 'तिमी यी कुनै पनि काम गर्न सक्दैनौ !'



सूर्य मुसुक्क हाँस्यो । काँध उचाल्यो । 'तैपनि तिमी नै सबैभन्दा बलियो भन्न मिल्दैन ।' सूर्यले भन्यो ।



'म तिमीलाई बादलले छोपेर कसैले देख्न नसक्ने पारिदिन सक्छु । तिमी मलाई छेक्न सक्दैनौ ।' बादलले भन्यो ।



'अझै पनि मेरो विचारमा तिमी भन्दा म नै शक्तिशाली छु ।' सूर्यले मुसुक्क हाँसेर भन्यो ।




हावाले असन्तोष व्यक्त गऱ्यो । उसलाई सूर्यको कुरा मन परेन 'त्यसो भए एउटा जाँच किन नगर्ने ?' हावाले सुझाव अगाडि साऱ्यो ।



हावाले एक चक्कर लगायो । आफ्नो बल केमा देखाउने त्यसको खोजी गऱ्यो ।

'कसले धेरै घर भकाभक ढलाउन सक्छ त्यसको जाँच गर्ने कि ?' उसले भन्यो ।



'यो कुरालाई सजिलो पारौँ ! सूर्यले भन्यो । 'उः त्यो मान्छेलाई हेर !' हावाले तल हेऱ्यो । एउटा मान्छे बाटोमा हिँडिरहेको थियो । ऊ सुसेल्दै रमाउँदै हिँडिरहेको थियो । उसले काँधमा एउटा रुमाल हालेको थियो ।



’कसले पहिला उसलाई बाटोबाट लडाउन सक्छ हेरौँ न !’ हावाले भन्यो । ’हुँदैन । यस्तो जाँचले त्यो मान्छेलाई घाइते बनाउँछ ! बरु उसले ओढेको त्यो रुमाल कसले झिक्न सक्छ हेरौँ !’ सूर्यले भन्यो ।



हावाले काँध उचाल्यो । आकाशमा एक चक्कर लगायो । स्वाँस्वाँफ्वाँफ्वाँ गऱ्यो । जोडले रूख हल्लायो र पात उडायो । त्यो मान्छेले निधार खुम्च्याउँदै आकाशतिर हेऱ्यो । अनि आफ्नो रुमाल बलियो गरी बेऱ्यो ।




आकाशमा बादल गड्याङगुडुङ गऱ्यो । जनावरहरू आ-आफ्नो वासस्थानतिर फर्किए । हावा हुनहुनाउन थाल्यो । त्यो मान्छेले आफ्नो रुमाल अझै बलियो गरी बेऱ्यो ।



आकाशको बादल हट्यो । हावाले थाकेको स्वरमा भन्यो, ’मैले छोडिदिएँ । म सक्दिन ।’ आफ्नो सास सामान्य बनाउन हावा बादलमाथि गएर बस्यो ।



'अब मेरो पालो ।' सूर्यले भन्यो । उसले हाइ काड्यो । अनि आफ्नो प्रकाश फैलायो । ऊ रापिलो र ठूलो भयो । पृथ्वी एकैछिनमा तात्यो र गर्मी भयो ।




त्यो मान्छेले आकाशतिर हेऱ्यो । अनि निधारको पसिना पुछ्यो ।



'कस्तो अचम्मको दिन आज !' उसले आफैसँग भन्यो ।



उसले रुमाल झिकेर काखीमुनि च्याप्यो ।




'तिमीले जित्यौ !' हावाले खुसीसाथ सूर्यको जीत स्वीकाऱ्यो ।



उसले ताली बजाएर रूखका पात सिरसिर हल्लायो ।



'मान्छेको रुमाल खसाउन उसलाई लडाउनै पर्छ भन्ने छैन ।'
घामले हावालाई जिस्क्याउँदै भन्यो ।



उनीहरू बाटोमा हिँडिरहेको मान्छेलाई हेर्दै मुस्कुराए । त्यो मान्छेफेरि पनि आफ्नै सुरमा सुसेल्दै हिँडिरहेको थियो ।

Brought to you by

The Asia Foundation

Let's Read is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*The Wind and the Sun*, Author: Kuzhali Manickavel. Illustrator: Emanuele Scanziani. Published by BookBox, © BookBox. Released under CC-BY-NC-SA-4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2018. Some rights reserved. Released under CC-BY-NC-SA-4.0.
Contributing translators: Ritica Lacoul and Kabita SAPKOTA